"मिति २०७७/०४/०६ गतेको कार्यपालिका बैठकबाट स्वीकृत"

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

## खडक नगरपालिका, सप्तरी.

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी खडक नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि"** २०७७ रहेको छ ।

(२) यो कार्यविधि(नगर)कार्यपालिकाले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "कार्यालय"भन्नाले **खडक नगरपालिकाको** कार्यालय सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले **खडक नगरपालिकालाई** जनाउँदछ ।

(ग) "कोष"भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(ङ) "समिति"भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ

(ङ) "लैङ्गिक हिंसा"भन्नाले कुनै व्यक्तिले महिला वा पुरुष वा यौनिक अल्पसंख्यक भएका आधारमा कसैमाथि घर, समाज तथा कार्यस्थलमा गर्ने शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत सम्झनुपर्छ ।

३. **कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) नगरपालिकाले कोष परिचालनका लागि छुट्याएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघसंस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :** महिला तथा बालबालिकाको हकहितको क्षेत्रमा नगरपालिकाको क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामका लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) पीडितलाई पुनर्स्थापना गराउन,

(ङ १) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाइ नगरपालिकाले क्षतिपूर्ति स्वरुप भराउने ।

(च) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,

(छ) हिंसा पीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्यकार्यमा उपयोग गर्न सकिने छैन ।

७. **तत्काल उद्धार तथा राहत समितिको गठन :** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

१. उपप्रमुख

२.प्रमुख प्रशासकीय अधिकृत — सदस्य

३. कानुन अधिकृत — सदस्य

४. प्रहरी प्रमुख (नगरपालिको कार्यक्षेत्रे भएको प्रहरी चौकी) — सदस्य

५. लैगिंक हिंसा निवारण क्षेत्रमा कार्यरत गैरसरकारी संस्था (प्रतिनिधि २जना) — सदस्य

६. महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय नगरपालिकाको कार्यपालिकाको कार्यालयमा रहनेछ ।

८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन लैङ्गिक हिंसा निवारण कोषमा रकम व्यवस्था गर्ने,

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ङ) नगरपालिका स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) नगरपालिका भित्रघटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदान रकम व्यवस्था गर्ने,

(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थासंग समन्वय गर्ने,

(ञ) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने

(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

९. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

CamScanner

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगांवै समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको रायमान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्यकुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षक र गैरसरकारी संस्थालाई आमन्त्रितको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

१०. **कोषमा रकम उपलब्ध गराउने** : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोषको नाममा रकम निकासा दिनेछ ।

११. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस कार्यविधि वमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नवढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रागर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र वास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँचहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खानाखर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा वस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँचसय रुपैयाँमा नवढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसंग आश्रित

बालबालिका भए बालबालिकाका लागि प्रचलित दरमा खानाखर्च उपलब्ध गराउन सकिनेछ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँचहजार रुपैयाँमा नबढ्ने गरी लाग्ने यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँचहजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयांमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे-बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

१२. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझगर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

१३. **तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्दार, औषधिउपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षतिहुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१४ **थप रकम निकासा माग गर्न सक्ने :** (१) समितिबाट केन्द्रिय नगरपालिका को नाममा निकासा भएको रकम अपर्याप्त भएमा नगरपालिकाले सो को कारण खुलाई समितिसंग थप रकममाग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा समितिले नगरपालिका को आवश्यकता र औचित्य हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहतप्रदान गर्दा कोषमा भएको रकमभन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थपखर्च भएको रकम माग गर्न सक्नेछ ।

१५. **छुट्टै खाताखोल्नु पर्ने :** नगरपालिकाले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

१६. **कार्यविधि बमोजिम खर्च गर्न सकिने :** लैंगिक हिंसा निवारणका लागि महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारवाट प्राप्त हुने सशर्त वजेट तथा कार्यक्रम मापदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

१७. **कोषको लेखा र लेखापरीक्षण :** (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१८. **आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१९. **प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक छ महिनामा सो समितिवाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका र केन्द्रीय तत्काल उद्धार तथा राहत समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सो समितिवाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगरपालिका ले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

२०. **बैठक भत्ता :** सञ्चालक समिति संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कानून बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

२१. **निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ

अनुसूची
(नियम १२ सँग सम्बन्धित)

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

...ध्यक्षज्यू,
...य तत्काल उद्धार तथा राहत समिति ।

...म...........................मा वस्ने वर्ष........ को...................... मिति............मा लैंगिक ...ट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (...........................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई ... अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं ...ा/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य...................कामको लागि सहयोगको ...यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध ...दिनु हुन यो निवेदन पेश गरको छु ।

निवेदकको,

नाम,थर.......................................

ठेगाना.......................................

दस्तखत.......................................

मिति.......................................